## मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218
9802592799
9803474311
9817806395



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक २७१ | २०८३ साल भाद्र २१ गते आइतबार | Sunday 06, September 2026 | सूर्योदय: बिहान ०५:४४ बजे | सूर्यास्त: साँझ ०६:१९ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-


## घरटहरा भत्काइएपछि सिसिटिभी क्यामेरा बन्द

**मधेशदृष्टि**
**वीरगंज।**
सडक विस्तार तथा अतिक्रमण हटाउने क्रममा सडक आसपासका संरचनाहरु भत्काइएपछि वीरगंजको मुख्य बजार क्षेत्रका अधिकांश सिसिटिभी क्यामेरा बन्द भएका छन्। क्यामेरा निष्क्रिय हुँदा शहरको सुरक्षा निगरानीमा चुनौती थपिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक पवन भट्टराईका अनुसार सिसिटिभी फुटेजले विगतमा आपराधिक घटनाको अनुसन्धान र संलग्न व्यक्तिको पहिचानमा महत्वपूर्ण सहयोग गर्दै आएको थियो। मुख्य सडकका क्यामेरा बन्द भएपछि अपराधीको आवतजावत पत्ता लगाउन कठिनाइ भएको उनले बताएका छन् । प्रहरीले मुख्य सडक क्षेत्रमा पुनः सिसिटिभी सञ्चालनका लागि सेफर वीरगंज, वीरगंज उद्योग वाणिज्य संघ, स्थानीय तह तथा अन्य निकायसँग समन्वय गरी वैकल्पिक स्थानमा क्यामेरा जडान गर्ने तयारी भइरहेको जनाएको छ।

# सिँचाइ अभावमा खेत सुक्खा
# धान उत्पादन घट्ने प्रक्षेपण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
हराभरा देखिनुपर्ने समयमा मधेशका खेतबारीमा अहिले धुलो उड्न थालेको छ। पर्याप्त वर्षा नहुँदा किसानले सबै खेतमा धान रोप्न सकेका छैनन् भने जसोतसो रोपेको धानसमेत पानीको अभावमा सुक्न थालेको छ।

असन्तुलित वर्षा र बढ्दो खडेरीका कारण मधेशका किसान यस वर्ष धान उत्पादन घट्ने चिन्तामा छन् । सरकारले पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराउन नसक्दा हरेक वर्ष धान रोप्ने समयमा किसानले आकाशे पानीको भर पर्नुपर्ने अवस्था दोहोरिँदै आएको छ।

धनुषाको नगराइन नगरपालिकाका धेरै खेतमा यसपटक धान रोपाइँ हुनसकेको छैन। प्रि–मनसुनको समयमा वैशाख र जेठमा असामान्य वर्षा र हावाहुरी भए पनि साउन लागेपछि आवश्यक वर्षा नहुँदा खेतमा चिस्यानसमेत हराउँदै गएको छ।

धान गोडमेल सकेर चाडपर्वको तयारीमा जुट्ने समयमा किसान भने खेतको अवस्था हेरेर निराश छन् । नगराइनका किसान रामअवतार महरा सरकारले सिँचाइको व्यवस्था गर्न नसक्दा खेती भगवानको भरोसामा चलाउनुपरेको बताउँछन्।

उनले भने, 'पहिला त भगवानले पानी दिनुहुन्थ्यो। तर यसपालि न पर्याप्त पानी परेको छ, न सरकारले कुनै सहयोग गरेको छ।'

धनुषाको नगराइन, मुखियापट्टी मुसहरनिया, धनौजी, औरही, शहीदनगर, कमला र जनकनन्दिनी तथा महोत्तरीको मटिहानी, पिपरा, जलेश्वर, मनराशिसवा, सोनमा, बलवा र सरपल्लो लगायत भारतीय सीमासँग जोडिएका दक्षिणी क्षेत्रका किसान सुक्खाको चपेटामा परेका छन्।

कृषि ज्ञान केन्द्रका अनुसार धनुषामा करिब ९५ प्रतिशत र महोत्तरीमा ८४ प्रतिशत धान रोपाइँ सकिएको छ। तर रोपाइँ भएका खेतमा समेत पानी नहुँदा धान सुक्न थालेपछि किसानको लगानी नै जोखिममा परेको छ।

किसान देवा साहका अनुसार गाउँमा सिँचाइका लागि बोरिङको पर्याप्त सुविधा छैन । उनले भने, 'सबै खेत सुक्खा छन् । वर्षा भएको छैन। रोपेको धान पनि सुकिरहेको छ।'

अर्का किसान उमेशप्रसाद सिंह पनि सरकारी सिँचाइ व्यवस्था प्रभावकारी नभएको गुनासो गर्छन् । उनका अनुसार खेतसम्म पानी पु¥याउने कुलो र पैनीसमेत सुकेका छन्।

'नाम मात्रको सिँचाइ छ, काम लाग्ने अवस्था छैन। खेत सबै सेतो भएर सुक्खा बसेको छ। यहाँका किसान दैवको भरोसामा खेती गरिरहेका छन् । यस्तो अवस्थामा खेतीको लागतसमेत उठाउन मुस्किल छ' उनले भने।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले यसअघि नै जेठ १८ देखि असोज १४ गतेसम्म औसतभन्दा कम वर्षा हुनसक्ने र आकाशे पानीमा निर्भर क्षेत्रमा खडेरीको जोखिम बढ्नसक्ने चेतावनी दिएको थियो । महाशाखाले कम पानीमै उत्पादन दिनसक्ने धानका जात छनोट गर्न किसानलाई सुझाव दिएको थियो।

त्यस्तै, सुक्खाको दीर्घकालीन प्रभाव कम गर्न वैकल्पिक खेती प्रणाली अपनाउने, वर्षाको पानी सङ्कलन गर्ने, खेत आसपास पोखरी निर्माण गर्ने तथा छरुवा धान खेती प्रविधि प्रयोग गर्नसमेत सुझाव दिइएको छ।

किसानले केही स्थानमा जमेको पानी प्रयोग गरेर जसोतसो रोपाइँ गरे पनि अहिले कुलो, पैनी र अन्य सिँचाइका स्रोत सुकेपछि धानबाली जोगाउन समस्या भएको छ।

तीनै तहका सरकारले कृषि उत्पादन बढाउन हरेक वर्ष लगानी बढाउँदै आएको दाबी गरे पनि मधेशमा सिँचाइको अवस्था भने सुधारिन सकेको छैन । नेपाल राष्ट्र बैंकको अर्धवार्षिक आर्थिक प्रतिवेदनअनुसार मधेशमा सिँचित क्षेत्रफल ४ दशमलव ३४ प्रतिशतले घटेर ३ लाख १९ हजार ८० हेक्टरमा सीमित भएको छ।

कुल सिँचित क्षेत्रमध्ये कुलोबाट हुने सिँचाइ ५ दशमलव ६७ प्रतिशत, नहरबाट ० दशमलव ९७ प्रतिशत र बोरिङबाट हुने सिँचाइ ९ प्रतिशतले घटेको प्रतिवेदनले देखाएको छ।

असन्तुलित वर्षा, खडेरी र कमजोर सिँचाइ पूर्वाधारका कारण अन्न उत्पादनका लागि उर्वर मानिने मधेशमा धान उत्पादनसमेत प्रभावित हुँदै आएको छ । गत वर्ष पनि रोपाइँको समयमा पर्याप्त पानी नपरेको र धानमा दाना लाग्ने समयमा अत्यधिक वर्षा हुँदा उत्पादनमा असर परेको थियो।

प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१÷८२ मा मधेशमा ३ लाख ७४ हजार ९ सय १० हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो। उक्त क्षेत्रबाट १४ लाख ४१ हजार ४ सय ७९ मेट्रिक टन धान उत्पादन भएको थियो भने प्रतिहेक्टर उत्पादकत्व ३ दशमलव ८४ मेट्रिक टन थियो।

तर त्यसपछिको वर्ष धानको उत्पादकत्व घटेर प्रतिहेक्टर ३ दशमलव ६४ मेट्रिक टनमा झरेको छ। उत्पादनसमेत घटेर १२ लाख ९ हजार १८ मेट्रिक टनमा सीमित भएको तथ्याङ्कले देखाउँछ।

वर्षेनि दोहोरिने सुक्खा, अनियमित वर्षा र सिँचाइको कमजोर अवस्थालाई समयमै सम्बोधन गर्न नसके यस वर्ष पनि मधेशको धान उत्पादनमा थप गिरावट आउने जोखिम बढेको छ।

# करिब साढे २ करोडको एयरपड्स बरामद



**मधेशदृष्टि**
**महोत्तरी।**
सशस्त्र प्रहरीले एप्पल कम्पनीको करीव २ करोड ४० लाख रुपैयाँ बराबरको एयरपड्स बरामद गरेको छ । महोत्तरीको सोनमा गाउँपालिका–६ मगरथानाबाट शनिबार ती सामान बरामद भएका हुन् । भारतबाट अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा सामान फेला परेको सशस्त्रले जनाएको छ । सहायक प्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार १२ सय थान एयर वर्डस सशस्त्रको नं ९ गण महोत्तरी, सीमा सुरक्षा गुल्म रघुनाथपुर र बोर्डर आउट पोष्ट खैरवनीले संयुक्त रुपमा बरामद गरेको हो। एयर वर्डस ल्याउने व्यक्ति भने सशस्त्र प्रहरीको गस्ती टोलीलाई देख्नासाथ फरार भएका थिए । बरामद एयर वर्डस आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया भइरहेको डीएसपी थापाले जनाएका छन्।

# गणिनाथ गोविन्दको पूजा

**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
नेपालमा पलवैया धामका लागि प्रसिद्ध जनकपुरधाम उपमहानगरपालिकाको वडा २३, बेलामा रहेको दूधमती नदीको किनारमा अवस्थित भगवान गणिनाथ गोविन्दको मन्दिरमा भगवान गणिनाथ गोविन्दको पूजा भव्यताका साथ मनाइएको छ।



शुक्रबार मन्दिर परिसरमा अष्ठयाम गरिएको थियो । शनिबार बिहान ११ बजे भव्य जुलुस निकालिएको थियो । राघवेन्द्र साहको नेतृत्वमा भगवान गणिनाथ गोविन्दको मूर्तिलाई

बाँकी पृष्ठ ३ मा

## भोटेकोशी बाढीको ११ औँ दिन:
# चार जनाको जीवित उद्धार



PHOTO CREDIT : Nepal Army/APF

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भोटेकोशीमा विनाशकारी बाढी आएको ११ दिन पुग्दा बाढी प्रभावित क्षेत्रबाट हालसम्म चार जनाको जीवितै उद्धार गरिएको छ। जलविद्युत् आयोजनाका सुरुङ तथा बाढीले क्षति पु¥याएका घरका संरचनाबाट उनीहरूको उद्धार भएको हो। बाढी आएको १० औँ दिन अर्थात् शुक्रबार त्रिशूली–३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट दुई जनाको जीवित उद्धार गरिएको थियो । उद्धार हुनेमा सञ्जय साह र कविर महर्जन रहेका छन् । यस्तै, शनिबार अपर त्रिशूली–१ जलविद्युत् आयोजनाबाट एक चिनियाँ नागरिकको उद्धार गरिएको छ । सोही दिन नुवाकोटको बेत्रावतीमा बाढीले क्षति पु¥याएको आनन्द श्रेष्ठको घरबाट उनकी श्रीमती चण्डिका श्रेष्ठको पनि जीवितै उद्धार भएको छ। विदुर नगरपालिका–१० की चण्डिकालाई सशस्त्र प्रहरी बल नेपालका इन्स्पेक्टर सुमन विकको कमान्डमा खटिएको टोलीले उद्धार गरेको हो।

जलविद्युत् आयोजनाका सुरुङमा फसेका अन्य व्यक्तिको खोजी तथा उद्धार कार्य भने अझै जारी छ। दिन बित्दै जाँदा सुरुङभित्र रहेका व्यक्तिको अवस्थाबारे चिन्ता बढिरहेको भए पनि चार जनाको जीवित उद्धारले आशा जगाएको छ।

भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा रहेका अधिकांश जलविद्युत् आयोजनामा बाढी आउँदा निर्माण तथा मर्मतलगायतका काम भइरहेको थियो । तीमध्ये आधाभन्दा बढी आयोजनाका सुरुङभित्रै काम भइरहेको थियो। त्यसैले अझै पनि सुरुङभित्र धेरै व्यक्ति फसेको हुनसक्ने आशंका गरिएको छ ।सुरुङभित्र फसेकाहरूको अवस्था पत्ता लगाउन सुरक्षाकर्मी, प्राविधिक तथा उद्धारकर्मीले निरन्तर प्रयास गरिरहेका छन् । गृहमन्त्री सुधन गुरुङले पनि उद्धार टोलीले विभिन्न स्थानमा खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिइरहेको जानकारी दिनुभएको छ।

तर सुरुङभित्रको जटिल संरचना, जमेको माटो, पानी र भग्नावशेषका कारण उद्धार टोलीलाई धेरै स्थानमा पुग्न कठिन भइरहेको छ।

यसअघि सुरुङभित्र मात्रै मानिसहरू फसेको हुनसक्ने अनुमान गरिँदै आए पनि शनिबार बाढीले क्षति पु¥याएको घरको भग्नावशेषबाट चण्डिका श्रेष्ठको जीवित उद्धार भएपछि खोजीको दायरा थप फराकिलो बनाउनुपर्ने देखिएको छ।

बाढीका कारण रसुवाको गढीदेखि धादिङको गलौंदी क्षेत्रसम्मका धेरै घर तथा बस्तीमा ठूलो क्षति पुगेको छ। कतिपय घर पूर्ण रूपमा पुरिएका छन् भने कतिपय बाढीको भेलले पल्टिएका छन्।

यस्ता भग्नावशेषभित्र पनि मानिसहरू फसेको हुनसक्ने सम्भावना देखिएको छ । त्यसैले सुरुङमा केन्द्रित खोजी तथा उद्धारसँगै बाढीले पुरिएका र पल्टाएका घर तथा संरचनामा पनि विशेष प्राथमिकताका साथ खोजी गर्नुपर्ने देखिएको छ।

बाढी आएको ११ दिन बितिसक्दा पनि आफन्तको अवस्थाबारे जानकारी पाउन नसकेका परिवारको बेचैनी बढिरहेको छ । तर भग्नावशेषबाट चण्डिका श्रेष्ठको जीवित उद्धारले उद्धारको सम्भावना अझै कायम रहेको सन्देश दिएको छ।




सम्पादकीय

# आर्थिक वर्षका दुई महिना, मधेश प्रदेश सरकारका गफ, जनतामा आक्रोशको वाफ

नयाँ आर्थिक वर्ष सुरु भएको दुई महिना बितिसकेको छ। समयको सुई आफ्नै गतिमा निरन्तर अघि बढिरहँदा मधेश प्रदेश सरकारको कार्यशैली भने उही पुरानै, सुस्त र निराशाजनक छ। प्रदेशको विकास, निर्माण र समृद्धिका लागि छुट्याइएको बजेट कार्यान्वयनको दिशामा अहिलेसम्म सिन्को भाँचिएको छैन । तर, सत्तासीन मन्त्री र नेताहरूका भाषण र आश्वासनका पोकाहरू भने दिनहुँ जसो विभिन्न मञ्चहरूमा खुल्ने गरेका छन्। सरकारको यो अकर्मण्यताले 'काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भन्ने नेपाली उखानलाई मधेश प्रदेशमा हुबहु चरितार्थ गरिदिएको छ।

प्रदेश सरकारका मन्त्री र उच्च अधिकारीहरू अहिले पनि रिबन काट्ने, उद्घाटन गर्ने र गोष्ठीहरूमा लामालामा मन्तव्य दिने काममै रमाइरहेका छन् । कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा कायापलट ल्याउने उनीहरूका गफ सुन्दा निकै आकर्षक लाग्छन्। तर, यथार्थको धरातलमा हेर्ने हो भने विकास बजेटको खर्च प्रतिशत शून्यप्रायः छ।

नीति तथा कार्यक्रममा समेटिएका महत्त्वाकांक्षी योजनाहरू रातो किताबमै कैद छन् भने प्रशासनिक संयन्त्र पुरानै ढर्रामा चलिरहेको छ। सरकारको ध्यान जनताका प्राथमिकतामा पर्नुभन्दा पनि सत्ता समीकरण मिलाउने र आफ्ना निकटकालाई पोस्ने खेलमा मात्र सीमित देखिनु ठूलो विडम्बना हो।

उता, आम नागरिकको दैनिकी भने दिन प्रतिदिन कष्टकर बन्दै गइरहेको छ। मधेशलाई देशकै कृषिको भण्डार मानिन्छ, तर यहाँका किसानले खेतीको मुख्य समयमा न मल पाउँछन्, न त सिँचाइको भरपर्दो सुविधा नै छ। युवाहरू रोजगारीको अभावमा चर्को घाममा खाडी मुलुकमा पसिना बगाउन बाध्य छन्। विपन्न वर्गले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य उपचार नपाएर अकालमै ज्यान गुमाउनु पर्ने अवस्था विद्यमान छ । नागरिकले तिरेको करबाट सञ्चालित सरकारले तिनै नागरिकका आधारभूत र तत्कालीन आवश्यकतालाई यसरी निरन्तर नजरअन्दाज गर्नु लोकतान्त्रिक मूल्य–मान्यताको ठाडो उपहास हो।

सरकारको यो चरम गैरजिम्मेवारीपन र निरन्तरको 'गफ'ले गर्दा अहिले मधेशका जनतामा आक्रोशको वाफ उम्लिन थालेको छ। संघीयता लागू भएपछि आफ्नै आँगनको सरकारबाट जनताले जुन सुशासन र छिटोछरितो सेवा प्रवाहको अपेक्षा गरेका थिए, त्यो विस्तारै चरम निराशामा परिणत हुँदैछ । चोक–चौतारा, चिया पसलदेखि सामाजिक सञ्जालसम्म सरकारको असक्षमताको चर्को आलोचना भइरहेको छ । जनताको यो धैर्यता र भित्रभित्रै गुम्सिएको आक्रोशलाई सरकारले आफ्नो सफलता वा जनताको कमजोरी ठान्ने भुल कदापि गर्नु हुँदैन। किनकि, असन्तोषको यो वाफ बेलैमा निकास नपाए कुनै पनि बेला विष्फोट बनेर सडकमा पोखिन सक्छ।

तसर्थ, मधेश प्रदेश सरकारले बेलैमा होस पुर्याउनु नितान्त जरुरी छ। अब सस्तो लोकप्रियताका लागि गरिने भाषण र गफको खेती छाडेर बजेटको प्रभावकारी कार्यान्वयन तथा परिणाममुखी काममा लाग्नुको अर्को विकल्प छैन । नागरिकका गुनासा सुन्ने, सेवा प्रवाहलाई चुस्त बनाउने र उनीहरूको दैनिक जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने कार्यक्रमहरू तत्काल एक्सनमा उतार्नुपर्छ। यदि अझै पनि सरकार आफ्नै गफको दुनियाँमा मस्त रहने र जनआक्रोशको वाफलाई बेवास्ता गर्ने हो भने, यसले प्रदेश संरचनाको औचित्यमाथि मात्र गम्भीर प्रश्न उठाउने छैन, वर्तमान सत्ता सञ्चालकहरूलाई नै भविष्यले कठोर कठघरामा उभ्याउनेछ।

# हानिनोक्सानी कोषको सान्दर्भिकता तथा उपयोग:

–डा. गणेशराज जोशी

विश्वभर बढ्दो हरितगृह ग्यास उत्सर्जनका कारण औसत तापक्रम बढिरहेको छ। तर, अन्य भूभागको तुलनामा हिन्दूकुश हिमालय क्षेत्रमा तापक्रम वृद्धिको दर विश्वव्यापी औसतभन्दा निकै बढी छ। यसलाई उचाइमा निर्भर तापक्रम वृद्धि भनिन्छ, जसको प्रत्यक्ष असर नेपालका हिमालहरूमा चट्टान फुट्ने र हिमतालहरू जोखिममा पर्ने रूपमा देखिएको छ । विश्वको औसत तापक्रम वृद्धिभन्दा विभिन्न मौसममा हुने तापक्रमको वृद्धि द्रुत गतिमा रहेको छ।

अध्ययनहरुले उक्त क्षेत्रमा विगतका बर्षहरुमा जुनदेखि अगस्तसम्मको औसत तापक्रम वृद्धि अन्य सिजनको तुलनामा बढी रहेको देखाएको छ । यो प्रवृत्तिको निरन्तरता रहने सम्भावना ज्यादै रहेकाले यसको असर कुल हरित गृह ग्यास उत्सर्जनमा ज्यादै न्यून हिस्सा रहेको नेपालजस्ता पर्वतीय मुलुकमा ज्यादै हुँदै गएको छ। लाङटाङ लिरुङ हिमालको करिब पाँच हजार २०० देखि पाँच हजार ४०० मिटरको उचाइबाट करिब ६०० मिटर चौडाइ भएको हिउँ र चट्टानको ठूलो ढिक्का खसेको उल्लेख गरिएको थियो। यो खसाई यति शक्तिशाली थियो कि अमेरिकी भूगर्भ सर्वेक्षणले यसलाई ५.२ म्याग्निच्युडको भूकम्प सरहको कम्पनका रूपमा रेकर्ड गरेको थियो । रसुवाको भोटेकोशी र त्रिशूली नदीमा यही भदौ १० गते आएको विनाशकारी बाढीको मुख्य कारण उत्तरी क्षेत्रबाट खसेको विशाल हिमचट्टान र हिमपहिरो रहेको देखिन्छ।

भोटेकोशी–त्रिशूली नदी प्रणालीमा आएको विनाशकारी बाढी नेपालको इतिहासकै सबैभन्दा खराब जलवायुजन्य विपद्मध्ये एक बन्न पुगेको छ । वैज्ञानिकहरूका अनुसार तिब्बत क्षेत्रमा रहेको ल्हेन्दे खोलाको माथिल्लो जलाधार क्षेत्रमा अत्यधिक गर्मीका कारण परमाफ्रोस्ट (हिउँ–चट्टानको ढिस्को) भत्किँदा भोटेकोशी र त्रिशूली नदीमा लेदोसहितको भयानक आकस्मिक बाढी उर्लिएको थियो। यसलाई हिमालयन सुनामीको रुपमा पनि उल्लेख गर्ने गरिएको छ । बाढी प्रभावित क्षेत्रहरू (रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, र नवलपरासीसम्म) बाट लगातार शवहरू फेला परिरहेका छन्। हालसम्म करिव १३०० जनाको मृत्यु भएको पुष्टि भइसकेको छ र शवहरू सङ्कलन गरिएका छन्, करिब चार हजार ८०० जना अझै हराइरहेका छन्, हराइरहेकाहरूमध्ये अधिकांश जलविद्युत् आयोजनाका भूमिगत सुरुङ र विद्युत्गृहमा कार्यरत व्यक्ति, स्थानीय बासिन्दा र पर्यटकहरू रहेका छन्। हराइरहेकाहरूमध्ये विभिन्न ३४ देशका करिब ५९० जना विदेशी नागरिकको खोजीका लागि नेपाल सरकारको सम्बन्धित निकायले समन्वय गरिरहेको छ भने हालसम्म करिब १२ हजारको जीवितै उद्धार गरिएको छ।

रसुवा जिल्ला तथा आसपासको क्षेत्र (विशेषगरी भोटेकोशी नदी बेसिन) मा आएको विनाशकारी बाढी र पहिरोले ठूलो मानवीय, आर्थिक तथा भौतिक क्षति पु¥याएको छ। जलवायु परिवर्तनको विश्वव्यापी असरका कारण सिर्जित यस्ता चरम मौसमी घटनाबाट हुने क्षति परिपूरणका लागि सन् २०१५ को पेरिस सम्झौता र कोप सम्मेलनहरूका निर्णयअनुसार स्थापित 'हानि–नोक्सानी कोष' नेपालका लागि वित्तीय स्रोत जुटाउने महत्वपूर्ण माध्यम बन्नसक्ने महसुस गरी हालै नेपाल सरकारले यस कोषको सञ्चालक समितिलाई पत्र पठाइसकेको छ।

**विगतका कोप सम्मेलनका विशिष्ट निर्णयहरू**

हानि–नोक्सानीको एजेन्डालाई स्थापित गर्न र यस कोषलाई मूर्त रूप दिन विभिन्न पक्ष राष्ट्रहरुको सम्मेलनहरू ऐतिहासिक कोशेढुङ्गा सावित भएका छन्, जसअनुसार

–कोप १९ (वारसा, २०१३): वारसा अन्तर्राष्ट्रिय संयन्त्रको स्थापनाः यो सम्मेलनले पहिलोपटक विकासोन्मुख देशहरूमा जलवायु परिवर्तनको असरबाट हुने हानि–नोक्सानीलाई सम्बोधन गर्न आधिकारिक संयन्त्र स्थापना गर्ने निर्णय गरेको थियो।

–कोप २१ (पेरिस, २०१५): पेरिस सम्झौताको धारा ८ : यस सम्मेलनले हानि–नोक्सानीको मुद्दालाई 'अनुकूलन' भन्दा फरक र स्वतन्त्र विधाका रूपमा पेरिस सम्झौताको धारा ८ मा समावेश ग¥यो, जसले गर्दा यस विषयले कानुनी र विश्वव्यापी मान्यता प्राप्त गरेको थियो।

–कोप २७ (शार्म अल–शेख, २०२२): कोष स्थापनाको ऐतिहासिक निर्णयः वर्षौंको कूटनीतिक दबाबपछि, यो सम्मेलनले अन्ततः प्रभावित र जोखिममा रहेका मुलुकहरूलाई वित्तीय सहयोग गर्न एउटा छुट्टै 'हानि–नोक्सानी कोष' स्थापना गर्ने सहमति गरेको थियो।

–कोप २८ (दुबई, २०२३): कोषको सञ्चालन र प्रारम्भिक प्रतिवद्धताः सम्मेलनको पहिलो दिनमै कोषलाई औपचारिक रूपमा सञ्चालन गर्ने निर्णय भयो र विकसित देशहरूले यसमा झन्डै ४७०० मिलियन डलर जम्मा गर्ने प्रारम्भिक प्रतिबद्धता जनाएका थिए । विश्व बैंकलाई यसको अन्तरिम जिम्मेवारी दिइऐको थियो।

–कोप २९ (बाकु, २०२४): वित्तीय लक्ष्य र संरचनागत पूर्णताः यस सम्मेलनले कोषको पूर्ण कार्यान्वयनका लागि एक सचिवालय रहने निर्णयलाई अनुमोदन गरी नयाँ सामूहिक गुणात्मक लक्ष्यअन्तर्गत हानि–नोक्सानीका लागि वित्तीय हिस्सा सुनिश्चित गर्ने बहसलाई अगाडि बढाएको थियो।

**कोषका प्रावधानहरू, पालना गर्नुपर्ने शर्तहरू र आवेदन प्रक्रिया**

नेपालले कोष सञ्चालक समितिलाई पत्र पठाइसकेको सन्दर्भमा उक्त कोषका प्रावधानहरू, पालना गर्नुपर्ने शर्तहरू, आवेदन प्रक्रिया र यस मार्गमा रहेका सहजता एवं असहजताहरूको विश्लेषण संक्षेपमा गरिएको छः

**क) हानि–नोक्सानी कोषका मुख्य प्रावधानहरू:**

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन खाका महासन्धिअन्तर्गत स्थापित यस कोषले विकासोन्मुख र जलवायु जोखिममा रहेका मुलुकहरूलाई आर्थिक सहयोग गर्ने निर्दिष्ट लक्ष्य राखेको छ । यसका प्रमुख प्रावधानहरू यस प्रकार रहेका छन् :

–लक्षित समूहः यो कोष विशेषगरी जलवायु परिवर्तनको मारमा परेका र अत्यधिक जोखिममा रहेका नेपाल जस्ता अल्पविकसित देशहरू र साना टापु राष्ट्रहरूका लागि लक्षित गरेको छ।

–वित्तीय स्वरूपः कोषबाट प्राप्त हुने सहायता मुख्यतः अनुदानमा आधारित हुने हुँदा प्रभावित देशहरूमा थप ऋणको भार नपर्ने हुन्छ।

–सञ्चालन मोडालिटीः कोषको बोर्डले सन् २०२५–२०२६ को सङ्क्रमणकालीन चरणका लागि बार्बाडोस कार्यान्वयन मोडालिटी अनुमोदन गरेको छ । यसअन्तर्गत तत्कालै सञ्चालन गर्न सकिने तल्लो तहदेखि माथिसम्मको र देश–नेतृत्व÷स्वामित्वको दृष्टिकोणलाई प्राथमिकता दिएको छ।

–सहायताको क्षेत्रः कोषले आकस्मिक विपद्पछिको पुनस्र्थापना, मध्यकालीन तथा दीर्घकालीन पुनर्निर्माण, जीविकोपार्जनमा सुधार र अभौतिक हानि–नोक्सानी (जस्तैः सांस्कृतिक सम्पदा, स्थानीय ज्ञान वा समुदाय विस्थापन) लाई समेटेको छ।

–द्रुत वित्तीय पहुँचः आकस्मिक रूपमा आउने ठूला विपद्हरू (जस्तैः ठूलो बाढी, हिमताल विष्फोटन, चक्रवात) को तत्काल सम्बोधनका लागि छोटो प्रक्रियाबाट रकम निकासा गर्ने विशेष प्रावधान यसमा समावेश छ।

–कोषको सचिवालय र कोषको जिम्माः हाल यस कोषको एक स्वतन्त्र सचिवालय रहने सहमति भएको छ भने अन्तरिम वित्तीय मध्यस्थकर्ताका रूपमा विश्व बैंकले काम गरिरहेको छ।

**ख) क्षतिपूर्ति दाबीका लागि नेपालले अपनाउनुपर्ने शर्तहरू**

यस कोषबाट रकम प्राप्त गर्न नेपालले केही अन्तर्राष्ट्रिय मापदण्ड र सञ्चालनका शर्तहरू पूरा गर्नु पर्दछ जुन तल उल्लेख गरिएको छ।

–जलवायु परिवर्तनसँगको प्रत्यक्ष सम्बन्धः रसुवा वा भोटेकोशीको बाढी सामान्य प्राकृतिक प्रकोप नभई विश्वव्यापी तापमान वृद्धिका कारण सिर्जित 'चरम मौसमी घटना' वा हिमताल विष्फोटनको परिणाम हो भनी वैज्ञानिक तथ्य र तथ्याङ्क प्रस्तुत गर्नुपर्ने हुन्छ।

–पारदर्शिता र वित्तीय सुशासन : प्राप्त हुने रकम कसरी खर्च गरिन्छ र त्यसको लेखापरीक्षण कसरी हुन्छ भन्ने स्पष्ट राष्ट्रिय खाका निर्माण गर्नु पर्दछ। यस कोषले उच्च वित्तीय पारदर्शीताको माग गरेको छ।

–तल्लो तहको स्वामित्व : प्रस्तावित योजना र पुनर्निर्माणका कार्यक्रमहरू प्रभावित समुदायको प्रत्यक्ष सहभागिता र सहमतिमा तर्जुमा भएको हुनु पर्दछ । कोषले प्रभावित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला र सीमान्तकृत समूहको प्रत्यक्ष सहभागिता र उनीहरूको आवश्यकतामा आधारित योजनाहरूलाई प्राथमिकता दिने उल्लेख छ।

–अन्तरराष्ट्रिय र राष्ट्रिय संयन्त्रको तादात्म्यताः यो कोषले मानवीय सहायता निकाय वा सरकारको नियमित बजेटसँग नबाझिने गरी, बरु उनीहरूका परिपूरकका रूपमा काम गर्ने सुनिश्चितता प्रदान गर्नु पर्दछ।

**ग) कोषबाट वित्तीय सहायता प्राप्त गर्ने प्रक्रियाहरू**

नेपालले कोषको कार्यविधि हानि नोक्सानी कोष(एफआरएलडी)को निर्देशिका र बार्बाडोस कार्यान्वयन संयन्त्र(बिआइएम)को नियमानुसार पाँचवटा प्रक्रियाहरू अवलम्बन गर्नुपर्छ । पहिलो चरणमा विस्तृत क्षति मूल्याङ्कन, दोस्रो चरणमा राष्ट्रिय सम्पर्क निकायमार्फत प्रस्ताव लेखन, तेस्रो चरणमा एफआरएलडीको बोर्डसमक्ष प्रस्ताव दर्ता, चौथो चरणमा सचिवालय र प्राविधिक टोलीद्वारा छनोट र पाँचौँ चरणमा कोष बोर्डको स्वीकृति र रकम निकासा रहेको छ।

**नेपालको लागि अवसर र चुनौती**

यस कोषको उपयोग गर्न नेपालसँग केही बलिया सकारात्मक पक्ष र सहजताहरू रहेको देखिन्छ । कोषको निर्देशिकामा अल्पविकसित देशहरूका लागि न्यूनतम रकम विनियोजनको निश्चित सीमा तोकिएकाले नेपालले प्राथमिकता पाउने बलियो सम्भावना रहन्छ । नेपालले हरितगृह ग्यास उत्सर्जनमा न्यून भूमिका खेलेर पनि ठूलो क्षति भोगेको हुनाले कूटनीतिक रूपमा दाबी पेस गर्न नैतिक बल रहेको छ।

सन् २०२५–२०२६ को अवधि कोषको सुरुआती चरण भएकाले नेपालले चाँडो प्रस्ताव तयार गरी कोषको कार्यविधिलाई आफ्नो अनुकूल बनाउन दबाब दिन र पैरवी गर्न सक्दछ। नेपालसँग यसअघि हरित जलवायु कोषसँग काम गरेको अनुभव रहेको र नेपालका केही संस्थाहरू पहिले नै अन्तरराष्ट्रिय जलवायु वित्तका लागि योग्य भएकाले ती संस्थाहरुलाई एफआरएलडीमा पनि प्रयोग गर्न सकिने सम्भावना रहेको छ।

कोषबाट रकम प्राप्त गरी कार्यान्वयनमा ल्याउन नेपालका लागि केही जटिलता तथा चुनौतीहरु पनि छन्। हाल कोषमा जम्मा प्रतिबद्धता ८०० मिलियन डलर रहेको तर तत्काल दिन सकिने केवल ३५० मिलियन डलर रहेको छ, जबकि विश्वभरबाट माग २.८ बिलियन डलर रही सीमित कोषमा ज्यादै ठूलो चाप र प्रतिस्पर्धा पर्नेछ। कोषमा माग र आपूर्तिबीच ठूलो खाडल रही आफैँ वित्तीय सङ्कटतर्फ धकेलिने जोखिम रहेको देखिन्छ।

नेपालको रसुवामा आएको बाढी पूर्णरूपमा जलवायु परिवर्तनकै कारण हो भनी प्रमाणित गर्न राष्ट्रियस्तरमा एट्रिब्युसन विज्ञान मोडेल प्रयोग गरी तत्कालै तयार पार्नु प्राविधिक रूपमा कठिन रहेको छ। तथापि यो कार्य असम्भव भने छैन। विश्वभरि नै कुनै पनि चरम मौसमी घटनामा जलवायु परिवर्तनको भूमिका कति थियो भनेर पत्ता लगाउन यो विज्ञानको प्रयोग तीव्ररूपमा भइरहेकाले सोको उपयोग गरी प्रमाणित गर्न सकिनेछ।

यस्तै कोषको बोर्ड बैठकहरूमा प्रक्रियागत अलमल र निर्णय प्रक्रिया सुस्त हुँदा (जस्तै सन् २०२६ को मनिला बैठकमा पहिलो चरणको परियोजना स्वीकृति सरेको थियो) आपतकालीन सहायता प्राप्त गर्न समय लाग्न गई तत्काल सम्बोधन हुन गाहे छ। सङ्घ, प्रदेश र स्थानीय तहबीच कमजोर सहकार्य र समन्वयको रहेको अवस्था छ । भरपर्दो 'हानि–नोक्सानी'सम्बन्धी एकीकृत तथ्याङ्क भण्डार नहुँदा माग गरिएको क्षतिको दाबी अन्तरराष्ट्रिय स्तरमा प्रमाणित गर्न समेत चुनौती रहेको छ।

**आगामी रणनीति**

नेपालले हानि–नोक्सानी कोषबाट अधिकतम वित्तीय सहायता प्राप्त गर्ने कार्य प्राविधिक मात्र नरही यो कुटनीतिक कार्य पनि हो। त्यसको सही परिचालन गर्न जलवायु कूटनीति र आन्तरिक विपद् व्यवस्थापन संयन्त्रको सुदृढीकरण गरी दुवैलाई सँगसँगै अगाडि बढाउनु पर्दछ । यसका रणनीति र सम्बन्धित आयामहरू निम्नानुसार रहेका छन् :

–नेपालको जलवायु कूटनीति र अन्तरराष्ट्रिय सहकार्यः नेपालले अन्तर्राष्ट्रिय मञ्चमा यस संवन्धमा आवाज उठाउनुका साथै समान एजेन्डा भएका अन्य समूह र देशहरूसँग रणनीतिक गठबन्धन बनाई वा सामेल भई अघि बढ्नु बुद्धिमानी हुनेछ।

–अल्पविकसित देशहरूको समूहः नेपाल यो समूहको सक्रिय सदस्य रही आएको छ। एलडिसी समूहले हानि–नोक्सानी कोषमा पर्वतीय र टापु राष्ट्रहरूका लागि निश्चित हिस्सा छुट्याउन सामूहिक दबाब दिइरहेको छ, जसमा नेपालले आफ्नो नेतृत्वदायी भूमिका कायम राख्न सक्नु पर्दछ।

–पर्वतीय राष्ट्रहरूको सञ्जालः नेपालले भुटान, कीर्गिजस्तान, र पेरुजस्ता पर्वतीय मुलुकहरूसँग मिलेर 'पर्वतीय संवेदनशीलता र हिमनदी पग्लिने समस्या' लाई हानि–नोक्सानी कोषको मुख्य प्राथमिकतामा राख्न पैरवी र वकालत गर्दै जानुपर्दछ।

–अन्तरराष्ट्रिय प्राविधिक संस्थाहरूसँग सहकार्यः जलवायु परिवर्तनको असर प्रमाणित गर्ने प्राविधिक क्षमता नेपालसँग कम भएकाले राष्ट्रसङ्घीय एजेन्सीहरु, विश्व मौसम सङ्गठन, आइपिसिसीजस्ता संस्थाहरूसँग साझेदारी गरी रसुवा र भोटेकोशीजस्ता बाढीका घटनाहरूको वैज्ञानिक प्रतिवेदन तयार गर्नुपर्दछ।

कोषको कडा मापदण्डअनुसार 'परियोजना प्रस्ताव' तयार गर्न, सामाजिक तथा वातावरणीय सुरक्षाको खाका तयार पार्न र प्राविधिक प्रतिवेदन बनाउनसक्ने विशेषज्ञ जनशक्तिको राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा खोज गरी उपयोग गर्ने र सम्बन्धित निकायहरुको क्षमता अभिवृद्धि गर्नु पर्दछ। विभिन्न जिल्लाहरुमा बाढीले पुर्याएको क्षतिको डिजिटल र प्रमाणित 'हानि–नोक्सानी तथ्याङ्क' तुरुन्तै अध्यावधिक गर्ने, प्रभावित स्थानीय तहलाई प्रस्ताव तयार गर्दादेखि नै समावेश गरी जलवायु वित्त परिचालन र अनुगमन प्रक्रियामा प्रत्यक्ष सहभागी गराउने, सम्बन्धित निकायले एफआरएलडीको मार्गनिर्देशन अनुसार तयार भएको वा हुने परियोजना प्रस्तावलाई थप परिष्कृत गरी सबै प्रावधान अनुरुप बनाउनुपर्छ । नेपालको 'विपद् पूर्वानुमान र प्रमाणीकरण' गर्ने निकायको सुदृढीकरण गर्ने, विभिन्न जलवायु स्रोतवाट प्राप्त हुने जलवायु वित्तको परिचालन गर्ने निकायहरुको क्षमता बढाई कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

**अन्त्यमा,**

रसुवा, नुवाकोट, धादिङ र आसपासको क्षेत्रमा भएको भोटेकोशी बाढीको वितण्डा नेपालका लागि जलवायु अन्यायको प्रत्यक्ष उदाहरण हो । पेरिस सम्झौताको भावनाअनुरूप स्थापित हानि–नोक्सानी कोषबाट राहत र पुनर्निर्माणका लागि आवश्यक आर्थिक क्षतिपूर्ति प्राप्त गर्न नेपाल पूर्णरूपमा हकदार छ। तर कोषको सीमित रकम र कडा अन्तर्राष्ट्रिय मापदण्डका कारण सहायता प्राप्त गर्न नेपालले तत्काल आफ्नो जलवायु कूटनीतिलाई तीव्र बनाउने, विस्तृत डिजिटल क्षति डेटाबेस निर्माण गर्ने र राष्ट्रिय वित्तीय संयन्त्रहरूलाई पारदर्शी र चुस्त बनाई अघि बढ्नु पर्दछ । नेपालले हालै कोषमा पठाएको प्रस्तावलाई सफल बनाउन अन्तरराष्ट्रिय मञ्चहरूमा बलियो प्राविधिक प्रमाणसहित पैरवी र वकालत गर्नु नै अहिलेको मुख्य आवश्यकता हो।

# जनकपुरधामका विभिन्न क्षेत्रमा आइतबार विद्युत् अवरुद्ध हुने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रले जनकपुरधामका विभिन्न क्षेत्रमा आइतबार विद्युत् आपूर्ति बन्द हुने जनाएको छ। जीर्ण विद्युत् पोल प्रतिस्थापन तथा विद्युत् लाइनमा छोएका रुखका हाँगा काट्ने कार्यका लागि बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म विद्युत् सेवा प्रभावित हुने प्राधिकरणले जनाएको हो।

प्राधिकरणका अनुसार सिटी–३ र रिङ फिडरअन्तर्गतका क्षेत्रमा विद्युत् आपूर्ति रोकिनेछ । मिल्स एरिया, कदमचोक, रेल्वे स्टेशन, कपिलेश्वर, महुवा, मालपोत कार्यालय आसपास, पिररिया माइस्थान, कुवा, रामपुर, लोहना र हनुमाननगर क्षेत्रमा विद्युत् अवरुद्ध हुनेछ।

यस्तै, प्रदेश सभा भवन, माछापालन क्षेत्र, विमानस्थल तथा धनौजी गाउँपालिकालगायतका क्षेत्रमा समेत विद्युत् सेवा प्रभावित हुने जनाइएको छ।

मर्मत तथा व्यवस्थापनको काम निर्धारित समयभन्दा अगावै सकिए विद्युत् आपूर्ति त्यसैअनुसार पुनः सञ्चालन गरिने प्राधिकरणले जनाएको छ। प्रतिकूल मौसम वा अन्य प्राविधिक कारणले कामको समय परिवर्तन हुनसक्ने पनि प्राधिकरणको सूचनामा उल्लेख छ।

विद्युत् सेवा अवरुद्ध हुँदा उपभोक्तामा पर्न जाने असुविधाप्रति जनकपुर वितरण केन्द्रले क्षमायाचना गरेको छ।

# तीन वर्षमा भन्सार छली नियन्त्रणबाट १९ करोडभन्दा बढी राजस्व असुल



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सीमा क्षेत्रमा हुने भन्सार छली नियन्त्रणका लागि गरिएको कारबाहीबाट पछिल्लो तीन आर्थिक वर्षमा १९ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ। भन्सार छली गरी नेपाल भित्र्याइएका सामान तथा सवारीसाधन बरामद गरी गरिएको कारबाहीबाट आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ सम्म १९ करोड १ लाख ४३ हजार ९६८ रुपैयाँ बराबरको सामान भन्सार दाखिला गरिएको हो । उपलब्ध तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा ६ करोड १८ लाख ७ हजार १४७ रुपैयाँ, २०८०/८१ मा ८ करोड ६४ लाख ८९ हजार ७०५ रुपैयाँ र २०८१/८२ मा ४ करोड १८ लाख ७ हजार ११६ रुपैयाँ बराबरको सामान भन्सार दाखिला गरिएको छ। तीन वर्षको तथ्यांकले सीमा क्षेत्रमा हुने अवैध आयातमा सवारीसाधन तथा पार्टपुर्जा, लत्ताकपडा–कस्मेटिक र किराना सामानको हिस्सा ठूलो रहेको देखाएको छ । कारबाहीका क्रममा दैनिक उपभोग्य वस्तुदेखि महँगा विद्युतीय सामग्री र सवारीसाधनसम्म बरामद हुने गरेका छन् । आर्थिक वर्ष २०८१/८२ मा मात्रै सवारीसाधन तथा पार्टपुर्जाबाट १ करोड ३५ लाख १८ हजार रुपैयाँ बराबरको भन्सार दाखिला भएको छ। लत्ताकपडा तथा कस्मेटिकबाट १ करोड २७ लाख ६८ हजार ९६६ रुपैयाँ र किराना सामानबाट १ करोड १८ लाख ९६ हजार ७४२ रुपैयाँ बराबरको भन्सार दाखिला भएको तथ्यांक छ । विद्युतीय सामानबाट भने १० लाख ८४ हजार ९७२ रुपैयाँ बराबरको राजस्व संकलन भएको छ।

सोही आर्थिक वर्षमा भन्सार छलीसँग सम्बन्धित कारबाहीका क्रममा ९५ वटा सवारीसाधन नियन्त्रणमा लिइएका छन् । पक्राउ परेका सवारीसाधनमा ८८ वटा मोटरसाइकल, एक पिकअप, पाँच टेम्पो र दुई बुलेरो रहेका छन्। यस्तै, अवैध कारोबारमा संलग्न २३ जना पक्राउ परेका थिए। २०८०/८१ मा भन्सार छली नियन्त्रणबाट सबैभन्दा बढी ८ करोड ६४ लाख ८९ हजार ७०५ रुपैयाँ दाखिला भएको थियो। त्यसमध्ये किराना सामानबाट ३ करोड १८ लाख ३१ हजार ५७७ रुपैयाँ, लत्ताकपडा तथा कस्मेटिकबाट ३ करोड ११ लाख ६० हजार ९०४ रुपैयाँ, सवारीसाधन तथा पार्टपुर्जाबाट २ करोड १२ लाख ५२ हजार रुपैयाँ र विद्युतीय सामानबाट २२ लाख ४५ हजार २२४ रुपैयाँ बराबरको रकम रहेको छ। त्यस वर्ष कारबाहीका क्रममा ४३ जना पक्राउ परेका थिए । १०६ वटा मोटरसाइकलसहित तीन मिनी ट्रक, तीन पिकअप, तीन ट्रक, तीन टेम्पो र तीन अटो नियन्त्रणमा लिइएको तथ्यांकमा उल्लेख छ । यसअघि आर्थिक वर्ष २०७९÷८० मा ६ करोड १८ लाख ७ हजार १४७ रुपैयाँ बराबरको सामान भन्सार दाखिला गरिएको थियो। सो वर्ष सवारीसाधनका पार्टपुर्जाबाट २ करोड ८६ लाख ६२ हजार १५ रुपैयाँ तथा लत्ताकपडा र कस्मेटिकबाट १ करोड ९२ लाख ७ हजार ८४३ रुपैयाँ बराबरको राजस्व संकलन भएको थियो। किराना सामानबाट ७७ लाख ७५ हजार ३९९ रुपैयाँ र विद्युतीय सामानबाट ८ लाख २१ हजार ८३५ रुपैयाँ बराबरको रकम दाखिला भएको थियो। उक्त वर्ष अवैध कारोबारमा संलग्न ३२ जना पक्राउ परेका थिए। फागुनमा मात्रै १ करोड ३ लाख ११ हजार ९२७ रुपैयाँ बराबरको सामान भन्सार दाखिला भएको थियो।

चालु आर्थिक वर्ष २०८२/८३ मा पनि भन्सार छली नियन्त्रणको कारबाही जारी छ। श्रावण र भदौमा मात्रै ५८ लाख १३ हजार ३० रुपैयाँ बराबरको सामान भन्सार दाखिला भइसकेको छ।

यस अवधिमा १५ वटा सवारीसाधन नियन्त्रणमा लिइएका छन् भने दुई जना पक्राउ परेका छन् । चालु आवको प्रारम्भिक तथ्यांकमा किराना सामानबाट २५ लाख ६४ हजार ७३४ रुपैयाँ, लत्ताकपडा तथा कस्मेटिकबाट १६ लाख २३ हजार २९६ रुपैयाँ र सवारीसाधन तथा पार्टपुर्जाबाट १६ लाख २५ हजार रुपैयाँ बराबरको भन्सार दाखिला भएको छ।

सीमावर्ती क्षेत्रमा हुने अवैध आयात नियन्त्रणबाट राज्यको राजस्वमा उल्लेख्य योगदान पुगे पनि वर्षअनुसार संकलनमा भने ठूलो उतारचढाव देखिएको छ। विशेषगरी सवारीसाधन तथा पार्टपुर्जा, लत्ताकपडा–कस्मेटिक र किराना सामान भन्सार छलीका प्रमुख क्षेत्रका रूपमा देखिएका छन् । मासिक विवरणमा कतिपय अवधिको तथ्यांक पूर्ण रूपमा उपलब्ध नभएकाले चालु आर्थिक वर्षको अन्तिम अवस्था र विगतका वर्षसँगको पूर्ण तुलना भने वार्षिक विवरण सार्वजनिक भएपछि मात्रै स्पष्ट हुने देखिन्छ।

# टिपरको ठक्करबाट शिक्षकको मृत्यु



**मधेशदृष्टि**
**कलैया।**
पूर्वपश्चिम राजमार्ग अन्तर्गत बाराको दुधौरा–पिलुवा सडकको बीचमा शनिबार दिउँसो टिपरले मोटरसाइकललाई ठक्कर दिंदा एक शिक्षकको मृत्यु भएको छ।

मृत्यु हुनेमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१६ पिलुवा घर भएका ५२ वर्षीय देवबहादुर चौरेल रहेका छन्।

चौरेल बाराको कलैया उपमहानगरपालिका–२४ मनहर्वास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक रहेको बताइएको छ । पिलुवाबाट प्र.२–०३–०२२प ९६४५ नम्बरको मोटरसाइकल चलाएर पथलैयातर्फ आउँदै गरेका चौरेललाई निजगढतर्फ जाँदै गरेको ना १अ यु १३४ नम्बर लेखिएको टिपरले बैजुरा पुलमा ठक्कर दिएको थियो।

घटनालगत्तै चौरेललाई गण्डकस्थित वीरगन्जको बयोधा मेडिसिटी अस्पताल ल्याइएपनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । प्रहरीले चालकसहित टिपरलाई नियन्त्रणमा लिएको छ।

# बाढी पीडितको लागि ५० हजार सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
बाढीबाट प्रभावित नागरिकको राहत तथा सहयोगका लागि नवदीप एकेडेमीले ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ। विपद्को कठिन समयमा एकेडेमीका विद्यार्थी, अभिभावक, शिक्षक तथा व्यवस्थापन पक्षको सहभागितामा उक्त रकम संकलन गरी बाढी पीडितहरूको राहतका लागि सहयोग गरिएको हो।

एकेडेमीका विद्यार्थीहरूबाट १५ हजार रुपैयाँ तथा शिक्षक र व्यवस्थापन पक्षबाट ३५ हजार रुपैयाँ गरी कुल ५० हजार रुपैयाँ सहयोग गरिएको जनाइएको छ । मानवीय सेवाको भावनासहित गरिएको उक्त सहयोगले विपद्मा परेका नागरिकलाई केही राहत पुग्ने विश्वास नवदीप एकेडेमीले व्यक्त गरेको छ।

एकेडेमीले सहयोगमा सहभागी सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा व्यवस्थापन परिवारप्रति धन्यवाद व्यक्त गर्दै विपद्को समयमा एक–अर्काको साथ र सहयोग आवश्यक रहेको जनाएको छ।

यसैबीच नेपाल बार एसोसिएसन पर्साले बाढीपीडित तथा विपद्बाट प्रभावित नागरिकका लागि १ लाख ५८ हजार रुपैयाँ प्रधानमन्त्री विपद् उद्धार कोषमा जम्मा गरेको छ । नेपाल बार एसोसिएसन पर्साका अध्यक्ष रामनारायण कुर्मीका अनुसार, बारका पदाधिकारी तथा सदस्यहरूबाट रकम संकलन गरी प्रधानमन्त्री विपद् उद्धार कोषमा जम्मा गरिएको हो।

अध्यक्ष कुर्मीले विपद्को समयमा पीडित नागरिकलाई सहयोग गर्नु सबैको जिम्मेवारी भएको बताउँदै आफूहरूले पनि मानवीय भावनाका साथ सहयोग रकम उपलब्ध गराएको जानकारी दिए। उनले बाढीका कारण ठूलो जनधनको क्षति भएको अवस्थामा प्रभावित परिवारको राहत तथा उद्धारका लागि राज्यसँगै विभिन्न संघसंस्था र नागरिक समाजले समेत आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा जोड दिए।

# मानव बेचबिखनविरुद्ध जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
मानव बेचबिखनविरुद्धको २० औँ राष्ट्रिय दिवसको अवसरमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय बाराको आयोजनामा मानव बेचबिखनविरुद्ध जनचेतनामूलक कार्यक्रम गरिएको छ । जिल्ला प्रशासन कार्यालय बाराको सभाहलमा शनिबार ‘प्रविधिको सही प्रयोग र सजगताः मानव बेचबिखनरहित राष्ट्र निर्माणमा ऐक्यबद्धता’ भन्ने मूल नाराका साथ देशव्यापी रूपमा सञ्चालन भइरहेको अभियानअन्तर्गत कार्यक्रम गरिएको हो।

कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको परिचय, कानुनी प्रावधान, सजाय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४, नेपालमा देखिएका बेचबिखनका प्रवृत्ति तथा रोकथाममा विद्यार्थी, अभिभावक र समुदायको भूमिकाबारे महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र बाराका प्रहरी निरीक्षक राजाबाबु ठाकुरले प्रस्तुतीकरण दिएका थिए।

# रक्तदान कार्यक्रममा २७ जनाले गरे रगत दान

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज– १६ स्थित आदर्श टोल सुधार समाजले आयोजना गरेको रक्तदान कार्यक्रममा २ जना महिला सहित २७ जनाले रक्तदान गरेका छन्। आदर्श टोल सुधार समाजका अध्यक्ष प्रकाश सिंह ठकुरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगञ्ज महानगरपालिका–१६ का वडा अध्यक्ष प्रसुराम चौरसिया प्रमुख अतिथि थिए।

सो अवसरमा रक्तदान गर्नेहरू श्यामसुन्दर गुप्ता, अनिलकुमार रौनियार, रुस्तम अली, बलिराम यादव, रोशन सर्राफ, महेशकुमार मण्डल, अरुण यादव, कौशल पटेललगायत रहेका रक्त संचार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले जानकारी गराउनु भएको छ।

प्राकृतिक विपद्का बेला बाढीपीडितको सहयोगका साथै आकस्मिक अवस्थामा आवश्यक पर्ने रगतको व्यवस्थापनमा समेत सहयोग पुग्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको आयोजक समाजले जनाएको छ।

# नेकपा एमाले महानगर कमिटिको अध्यक्षमा अलि चयन

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा (एमाले) वीरगंज महानगर कमिटीको अध्यक्षमा लियाकत अलि सर्वसम्मत रूपमा चयन भएका छन्।

महानगर कमिटीका कार्यवाहक अध्यक्षसमेत रहेका अलिलाई कमिटीको पूर्ण बैठकले रिक्त अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको हो। बैठकले उपाध्यक्षमा सञ्जीवबहादुर छतकुली र सचिवमा जलन्धर कुर्मीलाई पनि सर्वसम्मत चयन गरेको एमाले वीरगंज महानगर कमिटीले जनाएको छ।

बैठकले महानगर कमिटीमा रिक्त रहेका अन्य पदमा समेत पदपूर्ति गरेको छ । साथै संगठन सुदृढीकरण तथा पार्टीका विभिन्न गतिविधिका विषयमा छलफल गरी बैठकमा प्रस्तुत प्रस्तावहरू सर्वसम्मत रूपमा पारित गरिएको जनाइएको छ।

नयाँ नेतृत्व चयनसँगै महानगर कमिटीका संगठनात्मक गतिविधिलाई थप प्रभावकारी बनाउने तथा पार्टीका कार्यक्रमलाई स्थानीय तहसम्म अझ व्यवस्थित रूपमा विस्तार गर्ने विषयमा समेत बैठकमा छलफल भएको थियो।

# गणनानाथ गोविन्दको...

सजाइएको रथमा राखेर लगिएको थियो, जसमा दर्जनौं सवारी साधनहरू, गाजा बाजा साथ थिए। जुलुसमा सयौं पुरुष र महिला सहभागी थिए।

भगवान गणिनाथ गोविन्दलाई स्वागत गर्न मार्गका विभिन्न स्थानमा मानिसहरूले फूल बर्साएका थिए। नेपाल र भारतको सीमावर्ती क्षेत्रका मानिसहरूले पनि भगवान गणिनाथ गोविन्दको पूजामा ठूलो संख्यामा भाग लिएका थिए । यस अवसरमा भव्य मेला पनि लागेको थियो । पूजा समितिले टाढा–टाढाबाट आएका आगन्तुकहरूका लागि निःशुल्क भोजनको व्यवस्था पनि गरेको थियो।

गायकहरूले भगवान गणिनाथ गोविन्द र खेमा सतीको जीवनमा आधारित लोकगीत (झुमर) प्रस्तुत गरेर वातावरणलाई भक्तिले भरिदिए । यस पूजा पर्वको अवसरमा सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिएको थियो। त्यस्तै, गंगासागरको किनारमा रहेको कानु हलवाई समुदायले गणिनाथ गोविन्द मन्दिरमा भव्य पूजाको आयोजना गरेको थियो।

## रौतहटका सिडिओ भुसालको सरुवा,

# पौडेलले सम्हाल्ने प्रशासनको कमान्ड

**छोटो कार्यकालमै प्रशासनिक सक्रियता देखाएका भुसाल गृह मन्त्रालय पुगे, रौतहटमा नयाँ सिडिओका रूपमा लक्ष्मीप्रसाद पौडेल आउँदै**

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटका प्रमुख जिल्ला अधिकारी (सिडिओ) दिनेश सागर भुसालको सरुवा भएको छ । गृह मन्त्रालयले भुसाललाई सहसचिवका रूपमा गृह मन्त्रालय, सिंहदरबारमा सरुवा गरेपछि अब रौतहटको प्रशासनिक नेतृत्व पर्वतका प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले सम्हाल्ने भएका छन् । गृह मन्त्रालयले भदौ १८ गते गरेको निर्णयअनुसार विभिन्न जिल्ला प्रशासन कार्यालय तथा मन्त्रालयमा कार्यरत २३ जना सहसचिव तथा उपसचिव तहका कर्मचारीको सरुवा तथा पदस्थापन गरिएको हो।

रौतहटमा भुसालको कार्यकाल लामो रहेन । तर छोटो समयमै उनले प्रशासनिक सक्रियता, सुरक्षा निकायबीचको समन्वय तथा सामाजिक सद्भाव कायम गर्ने प्रयासमार्फत आफ्नो कार्यशैलीको प्रभाव छाडेका छन् । विशेषगरी २०८२ साल फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण र सुरक्षित रूपमा सम्पन्न गराउन उनले प्रशासनिक संयन्त्रको नेतृत्व गरेका थिए । निर्वाचनका क्रममा सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल तथा अन्य सरोकारवालाबीच समन्वय कायम राख्न उनको भूमिका महत्वपूर्ण रह्यो।

रौतहटमा समय–समयमा देखिने सामाजिक तथा साम्प्रदायिक विवादका घटनामा समेत भुसालले संवाद र समन्वयलाई प्राथमिकतामा राखेर अघि बढेको देखियो। संवेदनशील विषयमा प्रशासनिक निर्णय लिँदा सामाजिक परिस्थितिलाई समेत ध्यान दिने उनको कार्यशैलीलाई सकारात्मक रूपमा हेरिएको छ।

जिल्लाको शान्ति–सुरक्षासँगै स्थानीय तह, नागरिक समाज र सुरक्षा निकायबीच सहकार्य बढाउने तथा समस्या जटिल बन्नुअघि नै सम्बन्धित पक्षसँग छलफल गर्ने प्रयास उनको कार्यकालमा देखिएको थियो। विपद् व्यवस्थापन, सुरक्षा समन्वय र नागरिकलाई प्रदान गरिने प्रशासनिक सेवामा समेत उनले सक्रियता देखाएका थिए।



सामाजिक तथा धार्मिक विविधता रहेको रौतहटमा प्रशासनिक नेतृत्वका लागि शान्ति–सुरक्षा र सामाजिक सद्भाव कायम राख्नु चुनौतीपूर्ण मानिन्छ । यही संवेदनशील परिवेशमा विवादित विषयलाई संवाद र समन्वयमार्फत व्यवस्थापन गर्ने अभ्यास भुसालको कार्यकालको उल्लेखनीय पक्ष बनेको छ।

**पौडेलसामु रौतहट व्यवस्थापनको चुनौती**

अब रौतहटको प्रशासनिक नेतृत्व सम्हाल्न आउन लागेका लक्ष्मीप्रसाद पौडेलसामु भने जिल्लाको शान्ति–सुरक्षा, सुशासन, प्रभावकारी सेवा प्रवाह र प्रशासनिक व्यवस्थापनलाई थप मजबुत बनाउने चुनौती रहनेछ। विशेषगरी सामाजिक तथा धार्मिक रूपमा संवेदनशील मानिने जिल्लामा सम्भावित विवादको समयमै पहिचान गरी राजनीतिक दल, स्थानीय तह, नागरिक समाज र सुरक्षा निकायबीच प्रभावकारी समन्वय कायम गर्नु उनका लागि महत्वपूर्ण जिम्मेवारी हुनेछ।

भुसालले अघि बढाएको संवाद, समन्वय र सामाजिक सद्भावको अभ्यासलाई निरन्तरता दिँदै प्रशासनिक सेवा प्रवाहमा सुधार ल्याउनु पौडेलको प्रारम्भिक प्राथमिकतामा पर्ने देखिन्छ । उता, गृह मन्त्रालयको जिम्मेवारीमा पुगेका भुसालका लागि रौतहटमा हासिल गरेको प्रशासनिक अनुभव अब मन्त्रालयस्तरको काममा उपयोग गर्ने अवसर बनेको छ । जिल्लाको सुरक्षा, निर्वाचन व्यवस्थापन, विपद् तथा सामाजिक सद्भावका क्षेत्रमा प्राप्त अनुभवलाई उनले गृह मन्त्रालयको नयाँ जिम्मेवारीमा कसरी प्रयोग गर्छन् भन्ने विषयसमेत चासोका रूपमा हेरिएको छ।

छोटो समयमै रौतहटमा आफ्नो कार्यशैलीको छाप छाडेका भुसालको सरुवासँगै जिल्लाले नयाँ प्रशासनिक नेतृत्व पाएको छ। अब पौडेलसामु भने भुसालले सुरु गरेका समन्वय र सद्भावका अभ्यासलाई निरन्तरता दिँदै रौतहटको प्रशासनलाई अझ प्रभावकारी बनाउने चुनौती छ।

# काजकिरिया चलिरहेकै बेला ११औँ दिन जीवित भेटिइन् चण्डिका

### कुशको शव बनाएर मृत्यु संस्कार गरिसकेकाे परिवारले अस्पतालमा भेट्यो, ११ दिनपछि भग्नावशेषबाट अर्धचेत अवस्थामा उद्धार

**मधेशदृष्टि**
**नुवाकोट।**
परिवारले मृत्यु भइसकेको ठानेर कुशको शव बनाएर काजकिरिया गरिसकेको थियो । बाढी आएको दिनदेखि तिथि गणना गर्दै १०औँ दिनको कर्मसमेत पूरा भइसकेको थियो। तर शनिबार ११औँ दिनको मृत्यु संस्कार चलिरहेकै बेला परिवारमा आएको एउटा खबरले शोकलाई एकाएक खुसीमा बदलिदियो 'चण्डिका जीवितै भेटिइन् ।' नुवाकोटको विदुर नगरपालिका–१० बेत्रावतीकी ६४ वर्षीया चण्डिका श्रेष्ठलाई बाढीपछि बेपत्ता भएको आठ दिनसम्म खोज्दा पनि कुनै अत्तोपत्तो नलागेपछि परिवारले उनको मृत्यु भएको निष्कर्ष निकालेको थियो । तर परिवारले अन्तिम संस्कार सुरु गरेको ११औँ दिन सुरक्षाकर्मीले उनलाई घरको भग्नावशेषभित्रबाट जीवितै उद्धार गरेका छन्।



गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले बेत्रावती क्षेत्रमा ठूलो क्षति पुऱ्याएको थियो। बाढीले घरसमेत बगाएपछि चण्डिका सम्पर्कविहीन भएकी थिइन् । परिवारले सडक, घरका भग्नावशेष, बाढीले थुपारेको लेदो तथा आसपासका सम्भावित स्थानमा लगातार आठ दिनसम्म खोजी गरेको थियो। तर उनको कुनै सुराग फेला परेन । सम्भावित सबै ठाउँमा खोज्दा पनि चण्डिका नभेटिएपछि वडा कार्यालयको प्रक्रिया तथा परिवारसँगको छलफलपछि उनलाई जीवित भेटिने सम्भावना न्यून रहेको निष्कर्ष निकालियो । त्यसपछि परिवारले कुशको शव बनाएर हिन्दू परम्पराअनुसार मृत्यु संस्कार सुरु गरेको थियो । तर शनिबार बिहान बेत्रावतीमा खटिएको सुरक्षाकर्मीको टोलीले सुनेको एउटा अस्पष्ट आवाजले घटनाको दिशानै बदलिदियो।

सडक निर्माणका लागि खटिएको सशस्त्र प्रहरीको टोली भग्नावशेष आसपास पुगेका बेला प्रहरी निरीक्षक सुमन विकको नेतृत्वको टोलीले घरभित्रबाट आवाज आएको आभास पायो । शंका लागेपछि सुरक्षाकर्मीहरू पुनः त्यही स्थानमा पुगे । यसपटक आवाज अझ स्पष्ट सुनिएपछि उनीहरूले तत्काल भग्नावशेष हटाएर खोजी थाले । झ्याल फोडेर सुरक्षाकर्मी भग्नावशेषभित्र प्रवेश गरे । उद्धार टोली घिस्रिँदै अगाडि बढिरहेका बेला चण्डिकाले पुनः आवाज निकालिन् । त्यसपछि लेदो र थुप्रिएको भग्नावशेष पन्छाउँदै सुरक्षाकर्मीले उनलाई अर्धचेत अवस्थामा जीवितै बाहिर निकाले।

उद्धारपछि घटनास्थलमै प्राथमिक उपचार गरिएको थियो। त्यसपछि उनलाई हेलिकप्टरमार्फत त्रिशूलीस्थित नेपाली सेनाको मैबल ब्यारेक हुँदै काठमाडौं पठाइएको हो। हाल चण्डिकाको छाउनीस्थित सैनिक अस्पतालमा उपचार भइरहेको छ। चण्डिका जीवितै भेटिएको खबर पाएलगत्तै मृत्यु संस्कारमा बसेका परिवारका सदस्यहरूले काजकिरिया रोकेर काठमाडौंको बाटो समाते । छोरीको फोन तथा सामाजिक सञ्जालमार्फत आमाको जीवित उद्धार भएको खबर पाएपछि उनीहरू तत्काल अस्पताल पुगेका हुन्। परिवारका अनुसार चण्डिका बेपत्ता भएयता उनका श्रीमान् आनन्दलाल श्रेष्ठसहित परिवारका केही सदस्यसमेत अझै सम्पर्कविहीन छन्। परिवारले उनीहरू बस्दै आएको घर तथा आसपासको भग्नावशेषमा पनि खोजीलाई तीव्रता दिन सुरक्षा निकायसँग आग्रह गरेको छ।

मृत्यु भइसकेको ठानेर कुशको शव बनाएर अन्तिम संस्कार सुरु गरिएको महिलालाई ११औँ दिन भग्नावशेषबाट जीवितै उद्धार गरिएको घटनाले बाढीपीडित परिवारमा आशाको नयाँ किरण जगाएको छ। बाढीपछि अझै धेरै मानिसको अवस्था यकिन हुन नसकेको अवस्थामा चण्डिकाको जीवित उद्धारले 'अझै खोजे भेटिन सक्छन्' भन्ने आशा थप बलियो बनाएको छ। यसैबीच, शनिबार नेपाली सेनाले रसुवास्थित माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको सुरुङबाट एक चिनियाँ नागरिकलाई पनि जीवितै उद्धार गरेको छ। चिनियाँ उद्धार टोलीको सहयोगमा सुरुङभित्र करिब २२५ मिटरको दूरीमा फसेका लुहाईतो नामका चिनियाँ नागरिकलाई उद्धार गरिएको हो। उनको पनि काठमाडौंस्थित सैनिक अस्पतालमा उपचार भइरहेको छ।

# एलपी ग्यासको मूल्य महँगो: आलोचनाको निर्देशक साहद्वारा बचाउ

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाल आयल निगमका कार्यकारी निर्देशक नागेन्द्र साहले खाना पकाउने एलपी ग्यासको मूल्य महँगो भएको भन्ने आलोचनाको बचाउ गरेका छन्। नेपाल आर्थिक पत्रकार समाज सेजनले आयोजना गरेको 'बाढीपहिरोपछिको आपूर्ति तथा मूल्य श्रृंखलामा परेको प्रभाव र देखिएका चुनौती' विषयक अन्तरक्रियामा बोल्दै साहले अन्य उपभोग्य वस्तुको तुलनामा ग्यास महँगो नभएको दाबी गरे।



उनले नेपालमा एलपी ग्यास उत्पादन नहुने र पूर्ण रूपमा आयातमा निर्भर रहनुपर्ने भएकाले मूल्यसँगै नियमित आपूर्तिलाई प्राथमिकता दिनुपर्ने बताए। साहका अनुसार बजारमा एक किलो मासुको मूल्य १७ सयदेखि १८ सय रुपैयाँसम्म पर्ने गरेको छ। तर करिब २१ सय रुपैयाँ पर्ने एउटा ग्यास सिलिन्डरले सामान्य परिवारलाई करिब दुई महिनासम्म पुग्ने उनको भनाइ छ।

निगमले हाल प्रतिसिलिन्डर करिब चार सय रुपैयाँ घाटा सहेर ग्यास बिक्री गरिरहेको पनि साहले जानकारी दिए। रसुवामा आएको बाढी तथा पहिरोका कारण आपूर्ति प्रणालीमा चुनौती थपिए पनि उपभोक्ताको हितलाई ध्यानमा राख्दै ग्यासलगायत पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाउन निगमले अधिकतम प्रयास गरिरहेको उनले बताए।

### एसिड आक्रमणको सात वर्ष:

# मुस्कानको पीडा बनेको साहस

### 'मेरो विगत मेरो पहिचान होइन, मेरो संघर्ष र साहस नै मेरो पहिचान हो'

**मधेशदृष्टि**
**वीरगंज।**
सात वर्षअघि आजकै दिन वीरगंजकी मुस्कान खातुनको जीवन एकाएक बदलियो । तेजाब आक्रमणले उनको अनुहारमा गहिरो चोट मात्र लगाएन, त्यसले उनको मन र भविष्यमा समेत लामो समयसम्म रहने पीडाको छाप छाड्यो । उपचार, शारीरिक यातना, सामाजिक व्यवहार र मानसिक संघर्षसँग जुध्दै बितेका यी सात वर्ष उनको जीवनका सबैभन्दा कठिन दिन बने। तर मुस्कान त्यही पीडामा रोकिइनन् । जुन घटनाले उनको जीवन भत्काउन खोजेको थियो, त्यसैलाई उनले आफ्नो शक्ति र साहसमा बदल्दै अघि बढिन्।



भदौ २० गते, घटनाको सात वर्ष पूरा भएको दिन, मुस्कानले सामाजिक सञ्जाल फेसबुकमार्फत विगतको त्यो कालो दिन सम्झिँदै आफ्नो संघर्षपूर्ण यात्रा सार्वजनिक गरेकी छन् । उनले सात वर्षअघिको घटनालाई जीवनकै कहिल्यै नमेटिने पीडा र सम्झनाका रूपमा चित्रण गरेकी छन्। तर विगतको पीडालाई आफू कमजोर हुने कारण नबनाएको उनको भनाइ छ। कठिन परिस्थितिबाट आफूलाई सम्हाल्दै हिम्मतका साथ अगाडि बढ्ने प्रयास निरन्तर गरिरहेको उनले बताएकी छन्।

एसिड आक्रमणपछि मुस्कानले भोगेको संघर्ष अनुहारमा परेको घाउमा मात्र सीमित रहेन । लामो उपचारसँगै उनले शारीरिक पीडा, समाजको दृष्टिकोण र मानसिक दबाबको समेत सामना गर्नुपऱ्यो । यही यात्राले उनलाई हिंसापछि पीडितले भोग्ने अदृश्य संघर्षबारे बोल्ने र त्यसविरुद्ध आवाज उठाउने साहससमेत दिएको छ।

मुस्कानले जीवनमा आफूले चाहेका सबै कुरा वा सबै मानिस सधैँ साथमा नरहने बताउँदै केही घटना र पीडा जीवनकै हिस्साका रूपमा स्वीकार गर्नुपर्ने धारणा व्यक्त गरेकी छन्। उनका अनुसार पीडादायी अतीत भएपनि मानिसले आफ्नो जीवनलाई पुनः सुन्दर दिशातर्फ लैजान सक्छ, त्यसका लागि हिम्मत र आत्मविश्वास आवश्यक हुन्छ।

सात वर्षपछि त्यही घटना सम्झिँदा आफू पहिलेभन्दा कमजोर नभई अझ बलियो बनेको महसुस हुने मुस्कानको भनाइ छ। उनको यात्राले एउटा गम्भीर सन्देश पनि दिएको छ 'हिंसाले शरीरमा घाउ बनाउन सक्छ, तर त्यसले मानिसको भविष्य र आत्मबललाई पराजित गर्नैपर्छ भन्ने छैन।'

मुस्कानका लागि सात वर्षअघिको घटना अझै सम्झनामा ताजा छ। तर उनी त्यस घटनाको पीडामा अड्किएकी छैनन्। बरु त्यसबाट माथि उठेर निरन्तर अगाडि बढिरहेको उनको अभिव्यक्तिले स्पष्ट पार्छ। 'मेरो विगत मेरो पहिचान होइन, मेरो संघर्ष, मेरो साहस र मेरो यात्रा नै मेरो पहिचान हो' भन्ने उनको सन्देश सात वर्षको पीडापछिको आत्मविश्वासको अभिव्यक्ति बनेको छ।

एसिड आक्रमणबाट जीवनमा गहिरो चोट बोकेकी मुस्कान आज त्यही चोटलाई आफ्नो कमजोरी होइन, साहसको आधार बनाउँदै अघि बढिरहेकी छन्। उनको सात वर्षको यात्रा पीडाबाट शक्तितर्फको यात्रा बनेको छ।

### भोटेकोशी बाढीमा मृत्यु हुनेको संख्या

# १ हजार ३४४ पुग्यो, ४ हजार ८९८ अझै बेपत्ता

**काठमाडौँ, २० भदौ।**
भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी ज्यान गुमाउनेको संख्या १ हजार ३४४ पुगेको छ। नेपाल प्रहरीले शनिबार बिहान सार्वजनिक गरेको पछिल्लो खोज तथा उद्धार विवरणअनुसार बाढी प्रभावित क्षेत्रबाट अहिलेसम्म १ हजार ३४४ शव फेला पारिएको हो। प्रहरीका अनुसार शनिबार बिहान ५ बजेसम्म संकलन भएको विवरणमा ५२ बालक, ३३ बालिका, २६९ महिला र ४८९ पुरुषको शव फेला परेको छ। यसबाहेक शरीरका आंशिक अंग मात्र फेला परेका ५०१ वटा शव समेत तथ्यांकमा समावेश गरिएको छ। बाढीपछि ठूलो संख्यामा मानिसहरू अझै सम्पर्कविहीन छन्। प्रहरीको पछिल्लो विवरणअनुसार ४ हजार ८९८ जना बेपत्ता रहेका छन्। बेपत्ताको संख्या ठूलो रहेकाले प्रभावित क्षेत्रमा खोज तथा उद्धार अभियानलाई थप तीव्र बनाइएको छ। सुरक्षाकर्मीले हालसम्म ८ हजार ६३१ जना बाढी प्रभावितको उद्धार गरिसकेको प्रहरीले जनाएको छ। बाढीमा परी २५ जना प्रहरीसमेत सम्पर्कविहीन छन् भने ६५ जना प्रहरी कर्मचारी प्रभावित भएको विवरणमा उल्लेख छ। खोज, उद्धार तथा राहतका लागि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। प्रहरीका अनुसार बाढी प्रभावित क्षेत्रमा अहिले ७ हजार ९१२ जना खोज, उद्धार तथा राहत कार्यमा खटिएका छन्।



बाढीका कारण भोटेकोशी आसपासका बस्ती तथा संरचनामा व्यापक क्षति पुगेको छ। नदीको तीव्र बहावका कारण कतिपय घर तथा संरचना बगाएका, पुरिएका वा क्षतिग्रस्त भएका छन्। बेपत्ताको संख्या अझै हजारौंमा रहेकाले प्रभावित क्षेत्रका विभिन्न संरचनामा फसेका मानिसको खोजीलाई प्राथमिकतामा राखिएको छ। मृतकको संख्या निरन्तर बढिरहेको र हजारौं मानिस अझै सम्पर्कविहीन रहेको अवस्थामा सुरक्षाकर्मीले खोज तथा उद्धार अभियानलाई निरन्तरता दिएका छन्।

# रसुवा बाढीमा मधेशका सयौं परिवारको पीडा: आफन्त फर्किने आशामा दिनरात प्रतीक्षा !




**मधेशदृष्टि**
**वीरगंज।**
रसुवा र नुवाकोटमा आएको विनाशकारी बाढीले मधेशका थुप्रै परिवारलाई गहिरो पीडामा धकेलेको छ। रोजगारीका लागि रसुवा पुगेका आफन्तहरू बाढीपछि सम्पर्कविहीन बनेपछि मधेशका गाउँबस्तीमा अहिले सन्नाटा छाएको छ। घरका सदस्य सकुशल फर्किने आशामा परिवारजन दिनरात प्रतीक्षामा छन्।

सप्तरीको बोदेबरसाइन नगरपालिका–८ का रामकुमार यादवका तीन भाइ रसुवाको दोभान हाइड्रोपावरमा कार्यरत थिए। बाढी आएको समयमा आयोजनामै रहेका उनीहरू अहिलेसम्म परिवारको सम्पर्कमा आएका छैनन्। रामकुमारका अनुसार उनका तीनै भाइ प्राविधिक जनशक्तिका रूपमा कार्यरत थिए। ३५ वर्षीय शिवकुमार यादव इन्जिनियर, ३२ वर्षीय देवकुमार यादव ओभरसियर र २५ वर्षीय शचितकुमार यादव इलेक्ट्रिसियन थिए। एक भाइका दुई सन्तान छन् भने अर्का भाइको गत वैशाखमा मात्र विवाह भएको थियो। कान्छा भाइ अविवाहित छन्। तीनैजना एकैपटक बेपत्ता भएपछि परिवारमा पीडा झन् गहिरिएको रामकुमार बताउँछन्।

'बाढी आउँदा उनीहरू काममै थिए । अहिलेसम्म कुनै सम्पर्क हुन सकेको छैन । सरकारले पनि उनीहरू फसेको स्थानसम्म पुग्न सकेको छैन,' रामकुमारले भने, 'हामीसँग अहिले केही सोच्ने अवस्था छैन। ईश्वर र सरकारसँग एउटै आग्रह छ मेरा तीनै भाइ सकुशल भेटिऊन्।'

यस्तै पीडा रौतहटको वृन्दावन नगरपालिका–१ रमोलीका गजेन्द्र रायको परिवारले पनि भोगिरहेको छ। उनकी ४६ वर्षीया आमा तेतरी देवी बाढीपछि बेपत्ता छिन्। राय परिवार आर्थिक अवस्था कमजोर भएपछि रोजगारीका लागि सपरिवार रसुवा पुगेको थियो। उनीहरू नुवाकोटको बेत्रावतीमा कवाडका सामान संकलन गरी बिक्री गर्ने काम गर्थे। बाढीपछि ज्यान जोगाएर परिवारका सदस्य सर्लाही फर्किए पनि तेतरी देवी भने सम्पर्कविहीन छिन्।

'हाम्रो आठ जनाको परिवार थियो। बाढीपछि ज्यान जोगियो, तर सबै कुरा गुम्यो। अब रसुवा कहिल्यै नजाने गरी फर्किएका छौँ,' गजेन्द्रले भने, 'अहिले बुवा र भाइ आमाको खोजीका लागि उतै हुनुहुन्छ। हामीसँग केही पनि बाँकी छैन। अहिले आमालाई सकुशल भेट्न पाए त्यही नै सबैभन्दा ठूलो कुरा हो।'

पर्साको वीरगंज महानगरपालिका–२२ जगरनाथपुरका तैयब मिया मन्सुरीका १७ वर्षीय छोरा समिम मिया पनि रसुवाबाटै बेपत्ता छन्। टोलकै एक व्यक्तिले सञ्चालन गरेको टायर बनाउने पसलमा काम गर्न रसुवा पुगेका समिम बाढीपछि सम्पर्कमा आएका छैनन्। तैयबका अनुसार जगरनाथपुरकै एउटै टोलबाट पाँच जना बेपत्ता छन्। 'छोराको कुनै खबर नआउँदा दिमागले काम गरिरहेको छैन। पूरै टोल शोकमा छ। परिवारका सबै सदस्य बेचैन छन्,' उनले भने।

### आशा अझै मरेको छैन

बाढीले रोजगारी, कमाइ र भविष्यका योजनासँगै परिवारका सपना पनि बगाएपनि बेपत्ता आफन्त जीवितै फर्किने आशा परिवारजनले अझै छाडेका छैनन्। एक साताभन्दा बढी समय बितिसक्दा पनि उनीहरू उद्धारको पर्खाइमा छन्।

भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीपछि मधेश प्रदेशबाट २२० जना सम्पर्कविहीन भएको जानकारी आएकोमा ३८ जना परिवारको सम्पर्कमा फर्किएका छन्। अहिलेसम्म दुई जनाको मृत्यु पुष्टि भएको छ भने १८० जनाको अवस्था अझै अज्ञात रहेको छ। कतिपय परिवारले आफन्तको अवस्था पत्ता नलागेपछि गह्रौँ मन बनाएर कुशको शव बनाई अन्त्येष्टिसमेत गर्नुपरेको बताएका छन्। अर्कोतर्फ, धेरै परिवार भने कतैबाट उद्धार भएर आफ्ना प्रियजन फर्किने आशामा अझै प्रतीक्षारत छन्।

आर्थिक अभावका कारण रोजगारी खोज्दै रसुवा पुगेका मधेशका नागरिक बाढीको चपेटामा परेपछि उनीहरूका घरपरिवारमा अहिले शोक र त्रास छ। अधिकांश परिवारको एउटै माग छ रसुवा बाढीमा बेपत्ता भएका आफ्ना प्रियजनको तत्काल खोजी होस् र जसरी भए पनि उनीहरूलाई घर फर्काइयोस्।

### कुन जिल्लाबाट कति बेपत्ता ?

**मधेश प्रदेश प्रहरीले उपलब्ध गराएको विवरणअनुसार:**

| जिल्ला | बेपत्ता | सम्पर्कमा | मृत्यु पुष्टि |
|---|---|---|---|
| सप्तरी | ४३ | ३ | १ जना |
| पर्सा | ४३ | ३ | – |
| बारा | २२ | ४ | १ जना |
| सर्लाही | २१ | ६ | – |
| रौतहट | १४ | ६ | – |
| महोत्तरी | १० | ७ | – |
| धनुषा | ७ | ७ | – |
| सिराहा | १२ | २ | – |

यसैगरी, प्रहरी कर्मचारीतर्फ १० जना अझै सम्पर्कविहीन रहेको प्रदेश प्रहरीले जनाएको छ। जिल्लागत रूपमा पर्साका ३, रौतहटका ३, सर्लाहीका ३, धनुषाका १ र सप्तरीका १ जना प्रहरी कर्मचारी सम्पर्कविहीन छन्।

### नामावली संकलनदेखि भारतसँग समन्वयसम्म

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालका अनुसार प्रदेशका सबै जिल्ला प्रहरी कार्यालयमा एक–एक जना फोकल पर्सन तोकेर रसुवा बाढीमा बेपत्ता भएकाहरूको विवरण संकलन भइरहेको छ। उनका अनुसार संकलित नामावली नियमित रूपमा केन्द्रमा पठाउने गरिएको छ। हालसम्म डीएनए परीक्षणका लागि कुनै परिवार सम्पर्कमा नआए पनि त्यस्तो आवश्यकता परेमा माथिल्लो निकायसँग समन्वय गरिने प्रहरीले जनाएको छ।

बाढीमा बगेका शव नदीमार्फत भारततर्फ पुगेको अवस्थामा भारतीय प्रहरीसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्न पनि प्रहरी तयारी अवस्थामा रहेको ढकालले बताए। रसुवा र नुवाकोटमा आएको बाढीले भौतिक संरचना मात्र होइन, मधेशका सयौं परिवारको जीवनमा गहिरो चोट पुऱ्याएको छ। उद्धारको समय लम्बिँदै गएपनि बेपत्ता आफन्तको प्रतीक्षामा रहेका परिवारहरूको आशा भने अझै बाँकी छ 'हाम्रा मान्छे सकुशल फर्किऊन्।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन